# व्यवसायिक तरकारी खेती तालिम



## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## जेठल, सिन्धुपाल्चोक

### १५-१७ बैसाख २०७९

निर्धन उत्थान लघुबित्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालय, जेठलद्धारा प्रवर्धन गरिएका विभिन्न समुहहरुका कुल ३५ जना महिला सदस्यहरुलाई मिति २०७९।०१।१५ देखि १७ गते सम्म आलुबाली बिकास केन्द्र निगालेको तालिम भवनमा संचालित तिन दिने तालीमको उद्घाटन प्रमुख अतिथि निर्धन उत्थान क्षेत्रीय कार्यालय, काठमाडौंका क्षेत्रीय प्रबन्धक, श्री शिबराज रावलले गर्नु भएको थियो । उहाँले सहभागी सदस्यहरुलाई तालिम बाट वढी भन्दा वढी प्राविधिक तथा व्यवहारिक ज्ञान प्राप्त गरी गुजाराको रुपमा गरिरहेको तरकारी खेतीलाई व्यवसायिक रुपमा बिस्तृत गर्दै आयआर्जनमा वृद्धि गरी स्वरोजगार बन्न प्रेरित गर्नु भएको थियो ।

शाखा प्रमुख श्री बुद्धिलाल श्रेष्ठबाट स्वागत  पश्चात तिन दिने ब्यबसायिक बेमौसमी तरकारी खेती सम्बन्धी तालिमको महत्वको बारेमा प्रकाश पार्नु भएको थियो । आयबृद्धिका लागि तरकारी खेतीको ठूलो भुमिका रहने हुँदा ब्यबसायिक रुपमा खेती गर्नका लागि आलुबाली बिकास केन्द्रका प्रमुख, श्री बिजय कुमार गिरी, प्राविधिक सहायक, क्रमशः श्री हिमाल भुषाल, श्री कृष्णनाथ योगी र माटो बिज्ञ, श्री राजन परियारद्धारा करेसाबारी, आलुको बिउ, स्वस्थ बेर्ना उत्पादन विधि, रोग र बिषको प्रयोग, माटोको अवस्था र उपचार विधि सम्बन्धी ज्ञान दिई तालिम सुसम्पन्न गरिएको थियो ।

**निर्धन उत्थानका सेवाहरु तथा वित्तीय साक्षरता**



क्षेत्रीय प्रबन्धक श्री शिबराज रावल बाट संस्थाले प्रदान गरेका विभिन्न सेवाहरु मध्ये कर्जा तथा वचतको विषयमा विस्तृत रुपमा जानकारी गराउनु भएको थियो । यस अन्तर्गत  विभिन्न प्रकारका कर्जा, त्यसको सदुपयोग, वचतका प्रकार, वचत किन, कसलाई र कसरी गर्ने विषयमा राय दिनुका साथै संस्थाले  देशैभरी १८१ वटा शाखाबाट ३,९४,१४० जना सदस्यहरु समाबेस गरि २,३५,१३५ जना सदस्यहरुलाई कर्जा प्रदान गरेको जानकारी गराउनु भयो ।  संस्थाले ग्रामिण क्षेत्रमा बसोबास गर्ने  बैंकको पहुँचबाट बन्चित, शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरूलाई समूहमा आवद्ध गराई आवश्यकता अनुसार नियम संगत बिना धितो र लघु उद्यम कर्जा लगानी गर्ने, ग्राहक सदस्यहरूलाई सुत्केरी स्याहार खर्च, प्राकृतिक प्रकोप (आगलागि, बाढी, पहिरो, भुकम्प, हावाहुरी) प्रभावित ग्राहक सदस्यहरूलाई आर्थिक अनुदान/राहत, ग्राहक सदस्य, सदस्यका पति छोराछोरीलाई गम्भीर प्रकृतिका रोग लागेमा आर्थिक अनुदान/राहत, सदस्यलाई पाठेघरको शल्यक्रिया गरेको अवस्थामा आर्थिक अनुदान/राहत र ऋणी सदस्य तथा संरक्षक (पति) को मृत्यु हुँदा आर्थिक सहायता उपलब्ध गराई ऋणको भारबाट मुक्त गराउँदै आएको बताउनु भयो । साथै संस्थाले सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता, गैरवित्तीय सेवाहरु, व्यवसायिक साक्षरता र सचेतना मूलक कार्यक्रमहरू संचालन गर्दै ग्राहक सदस्यहरूको आर्थिक, शैक्षिक, सामाजिक, वौद्धिक विकासमा टेवा पुऱ्याउदै आएको जानकारी सहित सहभागी सदस्यहरू लाई कर्जाको उच्चतम प्रयोग गरी आम्दानी वृद्धि गर्न प्रोत्साहित गर्नु भएको थियो ।

## करेसाबारी तथा आलु खेती

प्राविधिक सहायक, श्री हिमाल भुषाल बाट करेसाबारीमा लगाईने तरकारी तथा टनेलभित्र आलुको बेर्ना उत्पादन प्रविधि सम्बन्धमा तालिम दिनु भएको थियो ।



*करेसाबारी:*

- घरको वरिपरी भएको खाली जग्गामा घरायसी प्रयोजनको लागि वर्षे भरी ताजा तरकारी उत्पादन गर्ने थलोलाई करेसाबारी भनिन्छ ।
- करेसाबारीमा प्लटहरु वनाएर विभिन्न प्लटहरुमा मौसम अनुसारका विभिन्न तरकारीहरु लगाएर वर्षैभरी हरियो ताजा तरकारी फलाउन सकिन्छ ।
- करेसाबारीमा उत्पादित तरकारीले परिवारको पौष्टिक आवश्यकता पूरा गर्दछ (विभिन्न किसिमका भिटामिनहरु, प्रोटिन र खनिज तत्वहरु)
- त्यसैले करेसाबारीलाई पोषणको भण्डार पनि भनिन्छ ।
- विषादी रहित ताजा तरकारी वर्ष भरी सेवन गर्न सकिन्छ ।
- परिवारका सदस्यहरुको फुर्सदको समयको सदुपयोग हुन्छ ।









*वीउ आलुको जात छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरु:*

- दीगो जातीय गुणस्तर, एकनासको जात एवं अनुपम मौलिक गुण जातीय प्रमुख विशेषताहरु हुन् ।
- तर भौगोलिक विशेषता अनुसार आलुको जातीय छनौटमा विशेष ध्यान दिनु पर्दछ ।
- उच्च तथा मध्य पहाड क्षेत्रका लागि स्थानीय जातको तुलनामा बढी उत्पादन दिने, डढुवा रोग अवरोधक वा सहन सक्ने, ऐजेरु रोग अवरोधक, सुख्खा र असिना सहन सक्ने, छिटो तथा मध्यम अवधिमा तयार हुने, राम्रो भण्डारण क्षमता भएको र कृषकहरुलाई मन पर्ने आलुका रंग, आकारलाई प्राथमिकता दिईन्छ
- तराई तथा भित्री मधेशका लागि स्थानीय जातको तुलनामा बढी उत्पादन दिने, छिट्टै तयार हुने, डढुवा रोध अवरोधक तथा सहन सक्ने, भाइरस अवरोधक साथै राम्रो भण्डारण क्षमता भएका जातहरुलाई छनौटमा प्राथमिकता दिईन्छ ।

## काउली उत्पादन तथा तरकारी वालीका रोगहरु




बागवानी अधिकृत श्री बिजय कुमार गिरी बाट मौसमी तथा बेमौसमी काउली उत्पादन प्रविधिका साथै तरकारी बालीका मुख्य मुख्य रोगहरु र नियन्त्रण विधि सम्बन्धमा तालिम दिनु भएको थियो ।



नर्सरी ब्याड तयारी

*काउलीवर्गका तरकारीमा देखिने शारीरिक विकृतिहरु :*

काउलिमा खैरो सडन



- यसको समस्या हटाई स्वस्थ काउली उत्पादन गर्न वाली लगाउनु पूर्व नै प्रति रोपनी जमिनमा ७०० ग्राम देखि १ के.जी. वोरेक्स धुलो प्रयोग गर्ने तथा वाली लगाइसकेपछि एच वी १०१ वा मल्टिप्लेक्स जस्ता सुक्ष्म खाद्यतत्वका घोलहरु सिफारिस मात्रामा छर्नुपर्दछ ।

*तरकारी वालीमा लाग्ने प्रमुख किराहरु :*












### ५.खुम्रे (Grub)





पहिचान :
वयस्क खैरो तथा कालो रंगको हुन्छ। लाभ्रेको आकार हसियाको जस्तो हुन्छ।

## तरकारी नर्सरी, माटो तथा विरुवा उत्पादन

माटो बिज्ञ, श्री राजन परियार बाट तरकारी नर्सरी, माटो तथा विरुवा उत्पादन सम्बन्धमा तालिम दिनु भएको थियो ।

*तरकारी नर्सरी व्यवस्थापन* अन्तर्गत नर्सरीको परिचय, फाईदा, नर्सरी राख्ने स्थानको छनौट, नर्सरीका प्रकार, नर्सरीका लागि माटो मिश्रण र उपचार, वेर्ना उमार्ने प्रविधि, वीउ खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु र नर्सरी राख्ने जग्गाको छनौट सम्बन्धमा जानकारी दिनु भयो ।

**हिउँदे नर्सरी**



**वर्षे नर्सरी**



**वर्षे नर्सरी**



**छापो दिएको नर्सरी**



*माटो तथा विरुवा एकिकृत खाद्यतत्व व्यवस्थापन* अन्तर्गत माटो तथा खाद्यतत्व व्यवस्थापन वाट हुने फाईदाहरु, खाद्यतत्व व्यवस्थापन गर्दा ध्यान दिनु पर्ने कुराहरु, उर्वरा शक्ति कायम गर्न मलखाद व्यवस्थापन र मलखादका प्रकारहरु सम्बन्धमा जानकारी दिनु भयो ।

केही तरकारी बालीहरुको लागि सिफारिस गरिएको मलखादको मात्राहरु

| *बाली* | *कम्पोष्ट(टन/हे.)* | *युरिया, डिएपी र पोटास (के.जी./रोपनी)* | | *बाली* | *कम्पोष्ट(टन/हे.)* | *युरिया, डिएपी र पोटास (के.जी./रोपनी)* |
|---|---|---|---|---|---|---|
| काउली | ३० | ६:५:३ | | मूला | १० | २.५:१:२.५ |
| बन्दा | ३० | ६:५:३ | | केराउ | २० | १.५:३.७:२ |
| रायो | २० | २.५:१.३:२.५ | | प्याज | १० | ६.३:२.५:१.३ |
| ब्रोकाउली | ३० | ६:५:३ | | खुर्सानी | १५ | ३:१.५:१.५ |
| गोलभेंडा | १० | ५:२.५:२.५ | | सिमी | १५ | १.५:२:२ |

*वेमौसमी नर्सरी स्थापना गरी विरुवा उत्पादन गर्ने सम्बन्धमा अभ्यास*





**व्यवहारिक आलुबाली**



प्राविधिक सहायक, श्री कृष्णनाथ योगी बाट आलुबाली सम्बन्धी व्यवहारिक तालिम दिनु भएको थियो ।

**समापन कार्यक्रम :** समापन कार्यक्रममा सहभागीको तर्फ वाट श्री कुसुम देबी श्रेष्ठले यस किसिमको तालिम अत्यन्त सान्दर्भिक र व्यवहारिक भएकोले सदस्यहरुलाई थप हौसला प्रदान भएको र आगामी दिनमा यस सिकाईलाई व्यवहारमा उतारी तरकारी खेती व्यवसायलाई व्यवसायिक रुप दिई आय आर्जन गरी स्वावलम्वी र स्वरोजगार वन्न सकिने धारणा व्यक्त गर्नु भएको थियो ।

अन्त्यमा, शाखा प्रमुख श्री बुद्धि लाल श्रेष्ठले व्यवहारिक तथा प्राविधिक ज्ञान दिई यस तालिमले सदस्यहरुको क्षमता अभिवृद्धि गर्दै, आत्म विश्वास वढाई, स्वारोजगार वनाई आय वृद्धि गर्ने लक्ष्य पुरा गर्नको लागि सहयोग गर्ने पूर्ण अपेक्षा लिएको बताउनु भयो ।

ग्राहकले तरकारी खेती गर्दाको समयमा भोगेका र देखेका समस्या लगायत अन्य व्यवहारिक कठिनाईहरुलाई पाठ्यक्रममा समावेश गरी सैद्धान्तिक र प्रयोगात्मक रुपमा तालिम संचालन गरिएको हुनाले सहभागीले लिन र हामीले दिन चाहेका विषय वस्तुहरु तालिमले समेटेको कारण भोलीका दिनहरुमा सदस्यहरु व्यवसायिक वन्नुका साथसाथै संस्थाको कर्जा लगानीमा समेत बृद्धि हुने अपेक्षा गरिएको बताउनु भयो । तालिमको व्यवस्थापन र सफलता पुर्वक संचालनमा सहयोग गर्नु हुने आदरणीय सर का साथै प्राविधिक सरहरु लगायत सवैलाई शाखाको तर्फ वाट उहाँले हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

C26 - Commercial Vegetable Farming Training, Jethal, Sindhupalchowk 28-30 Apr 2022







